**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**

**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**

**फैसला**

**०७५-CI-०८१८**

**मुद्दाः- फैसला बदर हक कायम गरी हटक खिचोला मेटाई दर्ता र चलन चलाई पाउँ।**

अर्घाखाँची जिल्ला ठाडा गा.वि.स. वडा नं. ९ बस्ने हेमनाथ भुसाल.......१ पुनरावेदक प्रतिवादी

**विरुद्ध**

अर्घाखाँची जिल्ला ठाडा गा.वि.स. वडा नं. २ स्थित तत्कालिन श्री ५ को सरकारको पाइलट प्रोजेक्ट अन्तर्गत स्थापित नेपाल चिउरी घ्यू उद्योग लिमिटेड हाल नेपाल चिउरी घ्यू उद्योग प्रा.लि..................................१ प्रत्यर्थी वादी

**सुरु तहको फैसलाको विवरण**

फैसला गर्ने अदालतः- अर्घाखाँची जिल्ला अदालत

फैसला गर्ने न्यायाधीशः- माननीय न्यायाधीश श्री केशव प्रसाद बास्तोला

फैसला मितिः- २०७३।०२।०४

मुद्दा नं.:- ०७१-CP-००६९

**पुनरावेदन तहको फैसलाको विवरण**

फैसला गर्ने अदालतः- उच्च अदालत तुलसीपुर, बुटवल इजलास

फैसला गर्ने न्यायाधीशः- माननीय न्यायाधीश श्री युवराज सुवेदी

माननीय न्यायाधीश श्री कृष्णलाल भट्टराई

फैसला मितिः- २०७५।०१।२४

मुद्दा नं.:- ०७३-DP-०२०३

०७३-DP-०३२९

न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## मुद्दाको तथ्यगत बेहोरा

१. तत्कालीन श्री ५ को सरकारको निर्णयानुसार नेपाल औद्योगिक विकास कर्पोरेशन र घरेलु तथा ग्रामीण उद्योग विभागको ५०/५० प्रतिशत बराबर लगानीमा पाइलट प्रोजेक्टको रूपमा नेपाल चिउरी घ्यू उद्योग लिमिटेड विधिवत स्थापना भएको थियो। ठाडा गा.वि.स. वडा नं. २ अन्तर्गत अर्घाखाँची माल कार्यालयमा मौजा ठाडाका मुखिया सुरथबहादुर जिम्माको लगत मोठ दर्ताको ७-५-३-२ रोपनी जग्गामा उक्त उद्योगको कारखाना, गोदाम, कार्यालय भवन, ग्यारेज, कर्मचारी क्वार्टर, प्रतिक्षालय, स्नानघर लगायतका संरचना निर्माण भई तारबार गरी चिउरी घ्यूको उत्पादन सञ्चालन हुँदै आएको थियो। स्वर्गीय श्री ५ वीरेन्द्रको मार्गदर्शन अनुरूप निजी क्षेत्रलाई उद्योग हस्तान्तरण गर्ने नीति तर्जुमा भई मिति २०३९।०६।१५ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरी बोलपत्र आह्वान गरिएको थियो। उद्योग मन्त्रालयको मिति २०४०।०३।०७ को निर्णय, सञ्चालक समितिको बैठक र मिति २०४०।०४।०९ को विशेष साधारण सभाको निर्णय अनुरूप मिति २०४०।०४।३० मा डा. काशीराज उपाध्याय र श्यामप्रसाद श्रेष्ठसँग उद्योगको सम्पूर्ण चल अचल सम्पत्ति, कारखाना सहितका सम्पूर्ण संरचना लिगलिगापत खरिदबिक्री सम्झौता भई बुझबुझारथसमेत सम्पन्न भएको हो। सम्झौताबाट उद्योगको जग्गासमेत घरेलु तथा ग्रामीण उद्योग विभागमा धितो जमानत राखी हस्तान्तरण भएको तथ्यबाट सम्पूर्ण जग्गा सहितको उद्योग यस प्रा.लि.लाई विधिवत खरिद भएको स्पष्ट छ। सो पश्चात् अर्घाखाँची माल कार्यालयमा लाग्ने तिरोपोत समेत प्रा.लि.ले नै बुझाउँदै आएको थियो। नापीको क्रममा उद्योगको सम्पूर्ण जग्गा प्रा.लि.को नाममा दर्ता हुनुपर्नेमा कि.नं. ४८० क्षे.फ. १-५-१-० मात्र उद्योगको नाममा, कि.नं. ४७९ क्षे.फ. ५-१-३-३ सार्वजनिक र कि.नं. ४८१ क्षे.फ. २-१-३-३ जग्गा ज्योति माध्यमिक विद्यालय शाखा प्राथमिक विद्यालयको नाममा नापनक्सा भएकोले मौका मै ५ नं. नापी टोलीमा भूल सुधारको निवेदन दिई कारवाही विचाराधीन थियो। कि.नं. ४७९ मध्ये विद्यालयले चर्चेको जग्गा विद्यालयको नाममा र बाँकी प्रा.लि.को नाममा दर्ता गर्ने निर्णय ५ नं. नापी गोश्वाराबाट भएकोमा सिमाना विवाद र माओवादी द्वन्द्वका कारण कार्यान्वयन हुन सकेन। प्रा.लि.मा कुनै स्वामित्व वा हैसियत नभएका विपक्षी वसन्तकुमार श्रेष्ठलाई उद्योगको मालिक कायम गरी परस्पर मिलोमतोमा फिराद दायर

गरी प्रा.लि.लाई पक्ष नै नबनाई मिति २०६८।०५।०४ मा प्रा.लि.को गैरहाजिरीमा अनाधिकृत सर्जमिन गराई मिति २०६८।०७।०२ मा कि.नं. ४७९ को जग्गा सार्वजनिक कायम गर्ने तथा प्रा.लि.ले भोग उपयोग गर्दै आएका सम्पूर्ण संरचनामा कुनै निर्माण गर्न नपाउने गरी फैसला गराइएको छ। मिति २०६८।०७।०२ को फैसला बदर गरी साविक दर्ता लगत मोठमा उल्लेखित चार किल्लासँग मिलाई भिडाई नापीका बखत ज्योति मा.वि. को शाखा प्रा.वि. सञ्चालन भएको हाल विपक्षी दह नि.मा.वि. रहेको जग्गा रोपनी २-१-३-३ उपर प्रा.लि. को कुनै हक दाबी नभएकाले सो बाहेक गरी ज.वि. ७-५-३-२ जग्गा मध्ये हाल कायम कि.नं. ४७९, ४८०, ४८१ को जग्गा यस प्रा.लि. को नाउँमा हक कायम सम्झौताबमोजिम दाखिला खारेज गरी विपक्षीहरूको हटक खिचोला मेटाई दर्ता गरी चलन चलाई न्याय पाउँ भन्नेसमेत बेहोराको नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. ठाडा, अर्घाखाँचीको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष आनन्दकुमार श्रेष्ठको फिराद दाबी।

२. विवादित जग्गा तत्कालीन गाउँ पञ्चायत बरबोट हाल ठाडा गा.वि.स. वडा नं. २ अन्तर्गत परापूर्वकालदेखि स्थानीय वासीले सार्वजनिक रूपमा उपभोग गर्दै आएको जग्गामा तत्कालीन सरकारको निर्णयानुसार पाइलट प्रोजेक्टको रूपमा नेपाल चिउरी घ्यू उद्योग लिमिटेड स्थापना गरिएको थियो। मिति २०४०।०४।३० मा भएको सम्झौताको शर्त नं. २ बमोजिम खरिद मूल्य रु. १,९८,७५०।६९ बुझाइएको र शर्त नं. ३ बमोजिम अचल सम्पत्तिको स्वामित्व प्राप्त गरिसकेको तथ्य वादीले प्रमाणित गर्न सक्ने अवस्था छैन। रकम चुक्ता नभई अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण हुन नसक्ने कानूनी सिद्धान्त छ। मिति २०६७।०३।०८ मा वादी नरेन्द्र श्रेष्ठ समेतले दायर गरेको फिरादमा वसन्तकुमार श्रेष्ठले उद्योगका धनी आफू रहेको स्वीकार गरी प्रतिवाद गर्नुभएको थियो। मिति २०६८।०७।०२ मा कि.नं. ४७९ को जग्गा सार्वजनिक कायम हुने गरी फैसला भइसकेको छ। सो फैसला कानूनसम्मत प्रक्रियाबाट भएकोले अ.वं. ८६ नं. बमोजिम बदर गर्न माग गर्ने वैध आधार वादीसँग छैन। फैसला भएपश्चात पूर्वमिति हाली कागजपत्र खडा गरी कम्पनी रजिष्ट्रारमा दर्ता गराउने यो कार्य कपटपूर्ण एवं विधिविरुद्ध छ। फैसला हुँदाका बखत कानूनी हक स्थापित भइसकेको हुनुपर्नेमा त्यसो नभएको अवस्थामा फैसला बदर माग्ने वादीको दाबी कानूनसम्मत छैन। जग्गा नापजाँच ऐन, २०१९ अन्तर्गत भोगचलन अनुसार कि.नं. ४७९

सार्वजनिक. कि.नं. ४८० नेपाल चिउरी घ्यू उद्योग र कि.नं. ४८१ विद्यालयको नाममा नापनक्सा भएकोमा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सार्वजनिक जग्गा कसैको नाममा दर्ता गराएमा त्यस्तो दर्ता स्वतः बदर हुने कानूनी व्यवस्था विद्यमान छ। कि.नं. ४८१ को जग्गा विद्यालयको भोगचलनमा रहेको वादीले स्वयं स्वीकार गरेकोले सो जग्गासमेत उद्योगको नाममा कायम गर्न माग गर्नु आफैंमा अन्तरविरोधी दाबी भएकोले झुट्टा बेहोराको फिरादबाट फुर्सद गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू हेमनाथ भुसाल, नरेन्द्र श्रेष्ठ, दह नि.मा.वि. समेतको संयुक्त प्रतिउतरपत्र।

३. प्रस्तुत मुद्दामा सह-प्रतिवादी कायम गरिएका नरेन्द्र श्रेष्ठ, हेमनाथ भुसाल मेरो विरोधी राजनैतिक खेमाका व्यक्तिहरू हुन्। निजहरूले मलाई प्रतिवादी कायम गरी यसै अदालतमा मिति २०६७।०३।०८ मा दायर गरेको दु.दे.नं. ६४-०६६-००२१९ को सार्बजनिक कायम गरी पाउँ भन्ने मुद्दा दायर गर्दैमा र मिति २०६८।०७।०२ मा फैसला गराउँदैमा प्रा.लि. को हक अधिकारमा प्रतिकुल असर पर्न जाने होइन। मिसिलबाट देखिएको दर्ता श्रेस्ता, संस्था बुझ्नु पर्नेमा सो नबुझी प्रारम्भ देखिने प्रमाण झिकी बुझी त्रुटीपूर्ण काम कारवाही भएको देखिएकोले त्यस्तो कारवाही प्रक्रियाले नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. को हक जान सक्दैन। मैले मेरो हक स्थापित गर्न प्रतिउत्तर लगाएको होईन, कम्पनीको जग्गा र संरचनाको दर्ता लगतसमेत पेस भएकै हुँदा साविक दर्ता श्रेस्ता लगत मोठमा देखिएको सम्बन्धित कम्पनी संस्था र व्यक्ति नबुझी भएको फैसला अ.वं. ८६ नं. विपरीत छ। फिराद दाबीको चारकिल्लाको जग्गा प्रा.लि.को हो, सार्वजानिक होइन। दह निम्न माध्यमिक विद्यालयको जग्गा बेग्लै छ। उद्योगको तर्फबाट कानूनबमोजिम मुद्दा दायर भएकै देखिएकोले प्रमाणहरू उद्योगबाटै पेस होलान्। साविक श्रेस्ता लगतको चारकिल्ला भित्रको जग्गा रोपनी ७-५-३-२ जग्गा प्रा.लि. कै हुँदा प्रा.लि. को हक कायम भै मिति २०४०।०४।३० को सम्झौताबमोजिम दाखिल खारेज गरी सार्वजनिक भनी विपक्षीहरूले गरेको हटक खिचोला मेटाई सबै उद्योगकै नाउँमा दर्ता र चलन चलाई पाउने हो भन्नेसमेत बेहोराको प्रतिवादी बसन्त कुमार श्रेष्ठको प्रतिउत्तरपत्र।

४. उल्लेखित जग्गा नाप नक्सा गर्दा उद्योगको प्रतिनिधी कोही नभएको हुँदा उद्योगको नाममा दर्ता हुन छुट भएको हो। उक्त जग्गा साविकदेखि चिउरी घ्यू प्रा.लि. ले नै

चर्ची आएको हो। हाल विपक्षीहरूले किन सार्वजनिक भनिरहेका छन् सो कुरा मलाई थाहा भएन। उद्योगको नामको जग्गा हो। उक्त जग्गा सार्वजनिक नभएको हुँदा वादी दाबीबमोजिम फैसला बदर भई उद्योगको नाममा हुनुपर्छ भन्नेसमेत बेहोराको वादीका साक्षी गणेशलाल श्रेष्ठले सुरु अदालतमा गरेको बकपत्र।

५. वि.सं.२०५२ पछि मुलुकमा आएको द्वन्द्वको कारण चिउरी घ्यू उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ बिजुला संकलन गर्न सक्ने अवस्था नभएकोले उद्योगमा उत्पादन बन्द भएपनि कानूनबमोजिम उद्योगको नविकरण कर दस्तुर नियमित नेपाल सरकारलाई तिरिएको हुँदा उक्त उद्योग प्रा.लि. हाल जिवितै रहेको छ। जिवितै रहेको उद्योगको जग्गामा प्रतिवादी मध्येका नरेन्द्र श्रेष्ठ समेतले प्रतिवादी वसन्तकुमार श्रेष्ठसँगको राजनितिक प्रतिशोधका कारणले उक्त उद्योगको जग्गामा वसन्तकुमार श्रेष्ठ बसी निरन्तर हक भोग गरी रहेकोलाई सार्वजनिक हुने गरी फैसला भएको भएतापनि उक्त चिउरी घ्यू उद्योगको जग्गा सार्वजनिक नभएको हुँदा वादी दाबी बमोजिम फैसला बदर भई हटक खिचोला मेटाई जग्गा उद्योग कै नाउँमा दर्ता भै उद्योगले चलन चलाई पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी वसन्तकुमार श्रेष्ठका साक्षी धन बहादुर रानाले सुरु अदालतमा गरेको बकपत्र।

६. अर्घाखाँची ठाडा गा.वि.स. वडा नं. २ को कि.नं. ४७९ को क्षेत्रफल ५-१-३-३ को सार्वजनिक जग्गा हो। परापुर्व कालदेखि सार्वजनिक रुपमा भोग गरेको जग्गा कोही कसैले व्यक्तिको नाममा गराएको भएपनि मालपोत ऐन, २०३४ को दफा २४(२) ले बदर गर्ने प्रष्ट कानूनी व्यवस्था भएकोले पौवा सहितको उक्त जग्गा मिति २०६८।०७।०२ गते यस सम्मानित अदालतबाट सार्वजनिक जग्गा कायम भई फैसला भएको हो। त्यसैले उक्त फैसला बदर हुनुहुँदैन भन्नेसमेत बेहोराको प्रतिवादीहरू हेमनाथ भुसाल, नरेन्द्र श्रेष्ठ र सुमन्त पौडेल समेतका साक्षी केदार बेल्बासेले सुरु अदालतमा गरेको बकपत्र।

७. प्रस्तुत मुद्दा मिति २०६९।०५।१७ मा मुल्तवीमा रही मिति २०६९।११।०२ मा मुल्तवीबाट जागी कारवाहीको अवस्थामा रहेकोमा पुनः मिति २०७०।०१।०४ मा मुल्तवीमा रही मिति २०७१।११।०१ मा मुल्तवीबाट जागी कारवाहीको अवस्थामा रहेको।

८. वादीले बदर गराई पाउन माग गरेको यस अदालतबाट मिति २०६८।०७।०२ मा भएको फैसला पुनरावेदन अदालत, बुटवलको मिति २०६९।०७।१४ को फैसलाले बदर भईसकेको र प्रस्तुत मुद्दाको अन्य वादी दाबी तथा प्रतिवादीहरूको जिकिरका सम्बन्धमा यसै लगाउको ०७१-CP-००६८ को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा आजै भएको फैसलाबाट सम्बोधन भई सकेको देखिँदा सो सम्बन्धमा थप विवेचना गरी निर्णय दिई रहनु पर्ने देखिन नआएकोले यसमा थप केही बोलिरहनु पर्ने देखिएन। उपरोक्त विवादित विषयमा यसै लगाउको ०७१-CP-००६८ को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा आजै यसै इजलासबाट भएको फैसलाबमोजिम हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरु अर्घाखाँची अदालतको मिति २०७३।०२।०४ को फैसला।

९. वादी दाबीको जग्गा नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.का नाममा कायम रहन सक्ने/नसक्ने, सार्वजनिक हुने/नहुने विषय मात्रमा निर्णय गर्नु पर्नेमा विवादको विषयमा ध्यान केन्द्रित नगरी मुद्दाको विवाद विषय भन्दा भिन्दै अलमलाउने प्रकृतिबाट निर्णय गरिएको सुरु फैसला कानून र न्यायका सिद्धान्त एवं कानूनको व्याख्या समेतले त्रुटिपूर्ण छ। अदालतको आदेशानुसार भएको नक्शाले चित्रित गरेको जग्गाको अवस्था मिति २०४०।४।३० को सम्झौता र मालपोत ऐन, २०३४ को दफा २४ को कानुनी व्यवस्था समेतको विपरित रहन गएको छ। उद्योगले चर्चे भोगेको जग्गाको स्वामित्व प्रत्यर्थीले प्राप्त गर्न विधिवत सम्झौता बमोजिमको अख्तियारी प्रत्यर्थीले प्राप्त गरेको छैन। अघि नापीका बखत नै कि.नं. ४७९ को जग्गा सार्वजनिक देखिएको छ। मिति २०४०।०४।३० मा सम्झौता भएको उद्योग विधिवत हस्तान्तरण प्राप्त भैसकेको छैन। उद्योग डा. काशिराज उपाध्याय र श्याम प्रसाद कै जीवन कालमा बन्द गरिएको छ। मिति २०३९।०२।२९ को ठाडा गाउँ पञ्चायतले पर्ति जग्गाको क्षेत्रफल मात्र प्रमाणित गरेको हो। मिति २०६८।०९।०२ मा मात्रै आ.वं. २०४०/०४१ देखि २०६७/०६८ सम्मको विवरण पठाई प्रा.लि. नं. २९७/९२०४० उल्लेख गरी दर्ता गराइएको स्थितीमा मिसिल संलग्न तथ्य र प्रमाणको यथोचित विवेचना समेत नगरी भएको सुरु फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी फिराद दाबी अनुसार सार्वजनिक कायम गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी हेमनाथ भुसालको उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा परेको पुनरावेदनपत्र।

१०. विपक्षीहरूले परस्परमा मुद्दा गरी अर्घाखाँची जिल्ला अदालतबाट मिति २०६८।०७।०२ मा भएको फैसला पुनरावेदन तहको कारवाहीको सिलसिलामा मिति २०६९।०६।१४ मा बदर भएको देखिए तापनि फैसला बदरको मागदाबी बाहेकका हक कायम, हटक कब्जा खिचोला, दर्ता चलन लगायतका अन्य मागदाबी यथावत कायम र जीवितै रहेकोमा मिति २०६९।०७।१४ को फैसलाले हक कायम, हटक कब्जा खिचोला, दर्ता, चलन समेतको मागदाबी के हुने हो केहि नबोली सबै सम्बोधन भइसकेको निष्कर्षमा पुगेको फैसला न्यायिक छैन। अर्घाखाँची जिल्ला अदालतबाट दाबीको कि.नं. ४८० र ४८१ को हकमा बोल्दै नबोली साविक दर्ता लगत मोठ र चारकिल्ला भित्रको जग्गा रोपनी ७-५-२-२ मध्ये पनि कि.नं. ४७९ को ५-१-३-३ को हकमा मात्र बोली जग्गा रोपनी १-५-०-० र न.नं. २१ को पानीको धारा भनी देखाएको जग्गा विपक्षी मध्येको दह नि.मा. विद्यालयको नाउँमा दर्ता हुने र अरु जग्गा नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. को नाउँमा दर्ता कायम हुने ठहराए पनि हामीहरूको सम्पूर्ण दाबीबमोजिम हक कायम गरी विपक्षीको हटक कब्जा खिचोला मेटाई दर्ता चलन चलाई दिने र कोर्ट फि समेत भरी पाउने गरी ठहराउनु पर्नेमा सो बमोजिम भएको नदेखिएको उक्त फैसला उल्टी गरी फिराद दाबीबमोजिम गरी पाउँ भन्नेसमेत बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा परेको वादी नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.को पुनरावेदनपत्र।

११. यसै लगाउको मुद्दा नं. ०७३-DP-०२०२ र ०७३-DP-०३०६ को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा विवादित कि.नं. ४७९ को क्षेत्रफल ५-१-३-३ जग्गा नेपाल चिउरी उद्योग प्रा.लि. ले प्रचलित कानून बमोजिम चिउरी उद्योग सञ्चालन गरेको वा गर्न सकेको खण्डमा उक्त कि.नं. ४७९ को विवादित क्षेत्रफलको जग्गा सार्वजनिक हित र प्रयोजनका लागि भोगचलन सम्म गर्न पाउने गरी उद्योगकै नाममा कायम हुने ठहर गरी सुरु अर्घाखाँची जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी आज यसै इजलासबाट फैसला भएको र प्रस्तुत मुद्दाको विवादको विषयसमेत सोही जग्गाको विवादको विषयसँग सम्बन्धित भएकाले उक्त मुद्दामा विवेचित आधार, कारण एवं प्रमाणबाट प्रस्तुत मुद्दामा पनि सुरु अर्घाखाँची जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहर गरी मिति २०७३।०२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी/प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत

बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।०१।२४ मा भएको फैसला।

१२. अर्घाखाँची जिल्ला अदालतबाट मिति २०६८।०७।०२ मा फैसला हुँदा कि.नं. ४७९ को जग्गा सार्वजनिक कायम हुने गरी फैसलासमेत भएको थियो। तर वादीले उक्त फैसला बदरको माग गरी फिराद गरेकोमा फिराद दाबीबमोजिम कि.नं. ४७९ को जग्गा उद्योगको नाममा कायम हुने ठहर गरेको सुरु तथा उच्च अदालतको फैसला त्रुटिपूर्ण छ। परापूर्वकाल देखिको सार्वजनिक जग्गालाई कुनै प्रकृतिको व्यक्तिगत सम्पत्ति नबनाई सार्वजनिक कायम गराउन दाबी लिएको हो। विवादको विषयभन्दा फरक फैसला भएको, १ वर्ष भित्र उद्योग सञ्चालन गरे उद्योगको नाममा र नगरे सार्वजनिक हुने भन्ने जस्ता विवादित फैसलालाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट सदर गरी फैसला गरेको मिलेको नहुँदा उक्त फैसला बदर गरी विवादित जग्गालाई सार्वजनिक कायम गरी पाउँ भन्नेसमेत बेहोराको यस अदालतमा दायर हुन आएको प्रतिवादीको पुनरावेदन पत्र।

१३. यसमा यसै लगाउको निवेदक नारायण सिंह बेलबासेसमेत तथा विपक्षी वसन्तकुमार श्रेष्ठसमेत रहेको निवेदन नं. ०७५-RI-२०१८ को निर्णय दर्ता बदर मुद्दामा आज यसै अदालतबाट मुद्दा दोहोर्‍याई हेर्न अनुमति प्रदान भएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी रहेको देखिँदा उक्त मुद्दामा लिइएका आधार, प्रमाण र कारण समेतबाट प्रस्तुत निवेदनमा पनि न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१)(क) र (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गरिएको छ। प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

## यस अदालतको ठहर

१४. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादी हेमनाथ भुसालको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता प्रा.डा. श्री गुणनिधी न्यौपाने तथा विद्वान् अधिवक्ताहरू श्री हरिबहादुर बस्नेत, श्री मीना थापा र श्री संजय अधिकारीले सुरु अर्घाखाँची जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको छैन। प्रस्तुत मुद्दाको विवादित विषयभन्दा फरक फैसला भएको र विवादित

जग्गा र सोमा भएको विपक्षीको घर टहरासमेत हटाई विपक्षीहरूको खिचोला मेटाई, परापूर्वकालदेखि सार्वजनिक रूपमा प्रयोग गरिएको जग्गा कुनै व्यक्ति वा निजी उद्योगको नाउँमा दर्ता कायम हुन नसक्ने हुँदा उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला उल्टी गरी सार्वजनिक कायम गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

१५. प्रत्यर्थी/प्रतिवादी आनन्दकुमार श्रेष्ठसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री विनोद गौतम र श्री इश्वरीप्रसाद भट्टराई तथा विद्वान् अधिवक्ताहरू श्री कृष्णप्रसाद बस्याल, श्री गोपालदत्त पाण्डेय र श्री अशोक चापागाईले तत्कालीन श्री ५ को सरकारसँग भएको सम्झौताबमोजिम उद्योगको सम्पूर्ण सम्पत्ति निजीकरण भएको हो। उद्योगले भोगचलन गरेको जग्गा पनि उद्योगको नाउँमा दर्ता हुने हो। साबिकमा ५ नं. नापी गोश्वाराबाट नापनक्सा हुँदा कि.नं. ४८० उद्योगको नाउँमा नापी भएको हो, कि.नं. ४७९ को जग्गा सरकारसँगको सम्झौतापश्चात् उद्योग कै हुनुपर्नेमा नापी हुँदा सार्वजनिक जनिएपछि हामीले सोउपर ५ नं. नापी गोश्वारामा निवेदनसमेत दिएका थियौं तर द्वन्द्वकालमा सम्पूर्ण सरकारी कार्यालयहरूमा भएको आगजनीका कारण उक्त निवेदनउपरको कारवाही पूरा हुन नसकेको हो। तत्कालीन मन्त्रिपरिषद्को निर्णयले उद्योगको नाममा उक्त जग्गा दर्ता भएको र २०४० सालमा भएको सम्झौताबमोजिम उद्योगभित्रको सम्पूर्ण जग्गासमेत खरिद गरी लिएको हुँदा विवादित जग्गा उद्योग कै नाउँमा दर्ता कायम हुने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला सदर गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१६. उपर्युक्त बमोजिमको दुवैपक्षको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस सुनी प्रस्तुत मुद्दामा इजलाससमक्ष पेस हुन आएका मिसिलहरू अध्ययन गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेको छ, छैन? र पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

१७. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दा सम्बत् २०६७ सालको दु.दे.नं. १३३/०५(६४०६६००२१७) को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा विवादित जग्गाहरू सार्वजनिक हुने ठहर गरी मिति २०६८।०७।०२ मा सुरु अर्घाखाँची

जिल्ला अदालतबाट भएको फैसला बदर गरी साविक दर्ता लगत मोठमा उल्लेखित चार किल्लासँग मिलाई भिडाई हाल विपक्षी दह नि.मा.वि. रहेको जग्गा बाहेक गरी क्षे.फ. ७-५-३-२ जग्गा मध्ये हाल कायम कि.नं. ४७९, ४८०, ४८१ को जग्गा नेपाल चिउरी घ्यू उद्योग प्रा.लि. को नाउँमा हक कायम गरी दाखिला खारेज गरी विपक्षीहरूको हटक खिचोला मेटाई दर्ता गरी चलन चलाई पाउन फिराद दायर गरेको देखियो। उक्त सम्बत् २०६७ सालको दु.दे.नं. १३३/०५(६४०६६००२१७) को सार्वजनिक कायम गरी पाउँ मुद्दा पुनरावेदन तहमा विचाराधीन रही प्रस्तुत मुद्दा मिति २०६९।०५।१७ मा मुल्तवीमा रही मिति २०६९।११।०२ मा मुल्तवीबाट जागी कारवाहीको अवस्थामा रहेकोमा पुनः मिति २०७०।०१।०४ मा मुल्तवीमा रही मिति २०७१।११।०१ मा मुल्तवीबाट जागेको देखिन्छ। उक्त सम्बत् २०६७ सालको दु.दे.नं. १३३/०५(६४०६६००२१७) को सार्वजनिक कायम गरी पाउँ मुद्दामा अर्घाखाँची जिल्ला अदालतबाट मिति २०६८।०७।०२ मा भएको फैसला तत्कालीन पुनरावेदन अदातल बुटवलबाट मिति २०६९।०७।१४ मा सुरु फैसला बदर गरी पुनः इन्साफको लागि सुरु अदालतमा पठाउने भनी फैसला भएको देखिन्छ।

१८. प्रस्तुत मुद्दामा सुरु अर्घाखाँची जिल्ला अदालतबाट यस पूर्व सार्वजनिक कायम गरी पाउँ मुद्दामा मिति २०६८।०७।०२ मा भएको फैसला तत्कालीन पुनरावेदन अदालत बुटवलको मिति २०६९।०७।१४ को फैसलाले बदर भइसकेको र यसै लगाउको ०७१-CP-००६८ को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा भएको फैसलाबमोजिम हुने ठहऱ्याई मिति २०७३।०२।०४ मा भएको फैसला भएउपर वादी तथा प्रतिवादी दुवै पक्षको चित्त नबुझी उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा पुनरावेदन दायर भएकोमा उक्त अदालतबाट सुरु जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई मिति २०७५।०१।२४ मा फैसला भएको रहेछ। उक्त फैसलाउपर पनि चित्त नबुझाई प्रतिवादी हेमनाथ भुसालको तर्फबाट मुद्दा दोहोऱ्याई हेरी पाउँको निवेदन परी यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न अनुमति प्राप्त भएबमोजिम प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा पेस हुन आएको देखियो।

१९. कि.नं. ४८० को जग्गा प्रतिवादी उद्योगका नाममा नाप नक्सा दर्ता गरी कि.नं. ४७९ को जग्गा पनि उक्त उद्योगका नाममा दर्ता गर्न ५ नं. नापीगोश्वारा स्थायी दर्ता गर्ने

भनी लेखिएको निर्णय, कि.नं. ४८० नेपाल चिउरीघ्यूका नाममा भएको नापी नक्सा फिल्ड बुक दर्ता निर्णय समेत बदर गरी उक्त जग्गा सार्वजनिक कायम गरी कि.नं. ४७९ को जग्गामा रहेको सार्वजनिक पाटी पौवा प्रतिक्षालयबाट विपक्षीको खिचोला मेटाई र कि.नं. ४८० मा भएका घर टहराहरू हटाई सार्वजनिक जग्गा कायम गर्नुपर्नेमा सुरु अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला बदर गरी सो कि.नं. ४८० को हकमा नापि दर्ता बदर गरी पाँउ र कि.नं. ४७९ जग्गामा वादी दाबी नपुग्ने ठहर गरी पाउ भन्ने पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर रहेको देखियो।

२०. पुनरावेदक/प्रतिवादीले लिएको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, साविक वि.सं. २०४० सालमा अर्घाखाँची जिल्लामा सर्भे नापी हुँदा ५ नं. नापी गोश्वाराबाट मिति २०४०।०३।०८ मा प्रकाशित सूचना र फिल्डबुक अभिलेख अनुसार कि.नं. ४७९ को जग्गा स्पष्ट रूपमा सार्वजनिक पर्ति जनिएको देखिन्छ। सो जग्गा उद्योगको नाममा नापी हुनुपर्ने भनी वादी नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.का तर्फबाट नापी संशोधनको निवेदन दिएको भनिए तापनि त्यसले उक्त भूमिको अन्तर्निहित सार्वजनिक प्रकृतिलाई विस्थापित गर्न सकेको पाइँदैन। अर्कोतर्फ, कि.नं. ४८० को क्षेत्रफल १-५-१-० जग्गा उद्योगकै नाममा फिल्डबुक दर्ता भई विवादरहित रहेको अवस्थामा पुनरावेदक प्रतिवादीले सोउपर नापीकै बखत उक्त कि.नं. ४८० सार्वजनिक भएको भनी दाबी लिए तापनि सो प्रमाणित गर्ने कुनै वस्तुनिष्ठ कानूनी प्रमाण पेस गर्न सकेको नदेखिँदा सोतर्फ थप बोलिरहनु आवश्यक देखिएन।

२१. जहाँसम्म सुरु तथा उच्च अदालतको फैसला उल्टी गरी कि.नं. ४७९ को जग्गा र सोमा रहेका घर-टहरा, पाटी-पौवा लगायतका भौतिक संरचनाबाट प्रतिवादी उद्योगको हटक, खिचोला र अनधिकृत कब्जा मेटाई पाउँ भन्ने पुनरावेदक/प्रतिवादी हेमनाथ भुसालको मुख्य पुनरावेदन जिकिर सम्बन्धमा प्रस्तुत मुद्दासँग अन्तरसम्बन्धित रही यसै इजलासबाट आजै फैसला भएको लगाउको मुद्दा नं. ०७५-CI-०८१६ सार्वजनिक कायम गरी पाउँ मुद्दासँग पूर्ण रूपमा अन्तरप्रभावी र आश्रित रहेको देखिन्छ। एउटै कित्ता जग्गा, समान विवादको विषय र समान पक्षहरू अन्तरनिहित रहेको लगाउ मुद्दामा विस्तृत विवेचना भई कि.नं. ४७९ को क्षे.फ. ५-१-३-३ को जग्गा परापूर्वकालदेखि जनसाधारणले सामूहिक उपभोग गर्दै आएको अपरिवर्तनीय सार्वजनिक

प्रकृतिको जग्गा ठहरी सार्वजनिक नै कायम हुने भनी यस अदालतबाट अन्तिम निर्णय भइसकेको छ।

२२. यसरी मूल विवादित कि.नं. ४७९ जग्गा नै सार्वजनिक सम्पत्ति ठहर भई सोमा प्रतिवादी उद्योग वा सञ्चालकहरूको कुनै पनि प्रकारको निरपेक्ष निजी स्वामित्व वा अनन्तकालीन उपभोगको अधिकार समाप्त भइसकेको स्थितिमा सोही जग्गा र संरचनामा हक कायम गरी दर्ता चलन चलाई पाउँ भनी उद्योगका तर्फबाट लिइएको फिराद दाबी स्वतः निरर्थक र कानुनी आधारहीन देखिन्छ। यसै लगाउको मुद्दा नं. ०७५-CI-०८१६ को सार्वजनिक कायम गरी पाउँ भन्ने मुद्दामा विवादित कि.नं. ४७९ को जग्गा सार्वजनिक हित र प्रयोजनको लागि भोगचलनसम्म गर्न पाउने गरी उद्योगकै नाममा कायम हुने ठहर गरी सुरु जिल्ला अदालतबाट भएको फैसला सदर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला उल्टी गरी उक्त जग्गा सार्वजनिक ठहर गरी आज यसै इजलासबाट फैसला भएको र प्रस्तुत मुद्दाको विवादको विषयसमेत सोही जग्गाको विषयमा भएकाले उक्त मुद्दामा विवेचित आधार कारण एवं प्रमाणबाट प्रस्तुत मुद्दामा सुरु अर्घाखाँची जिल्ला अदालतबाट मिति २०७३।०२।०४ मा उक्त कि.नं. ४७९ को विवादित जग्गा सार्वजनिक हित र प्रयोजनका लागि भोगचलनसम्म गर्न पाउने गरी नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.कै नाममा कायम हुने ठहर गरी भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।०१।२४ को भएको फैसला मिलेको नदेखिंदा उल्टी भई नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.को सुरु फिराद दाबी पुग्न नसक्ने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम शुरु र उच्च अदालतको फैसला उल्टी भई अर्घाखाँची जिल्ला साविक ठाडा गा.वि.स. वडा नं. २ को विवादित कि.नं. ४७९ क्षे.फ. ५-१-३-३ को जग्गामा वादी नेपाल चिउरी घ्यू उद्योग प्रा.लि.को फिराद दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले उक्त जग्गा सार्वजनिक कायम गरी अभिलेख अद्यावधिक गर्नु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु भनी सुरु जिल्ला अदालतमा लेखी पठाई दिनू........................................................१

सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग्न आए नियमानुसार गरी दिनू........२

विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरणसम्बन्धी निर्देशिका, २०८२ बमोजिम नष्ट भएको प्रस्तुत मुद्दाको प्राप्त भएको मिसिल कागजात प्रस्तुत फैसला साथ संलग्न गरी राख्नू...........................३
उक्त निर्देशिका बमोजिम मिसिल प्राप्त गरी राख्नु भनी प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि साथ राखी सुरु र उच्च अदालतमा लेखी पठाईदिनु.............................४
प्रस्तुत फैसलाको विद्युतीयप्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी प्रस्तुत मुद्दाको लगत कट्टा गरी मिसिल नियमानुसार सम्बन्धित शाखामा बुझाई दिनू.........५

**मनोजकुमार शर्मा**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**नृपध्वज निरौला**
**न्यायाधीश**

**फैसला लेखनमा सहयोग गर्नेः**
इजलास अधिकृतः करुणा श्रेष्ठ
कम्प्युटर अपरेटरः प्रशान्त चौधरी

**इति सम्वत् २०८१ मंसिर १२ गते रोज ४ शुभम् .......................................।**

***द्रष्टब्यः-*** *यो मुद्दाको फैसलाको पूर्णपाठ तयार नहुँदै यस अदालतमा मिति २०८२।०५।२४ मा भएको आगजनी, लुटपाट र तोडफोडको घटनाको कारण मिसिल फेला नपरेको हुँदा मुद्दा व्यवस्थापन प्रणालीमार्फत निकालिएको मुद्दाको स्थिति (Status), विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ५(४), १०(२), ११ समेतका आधारमा प्रस्तुत फैसला तयार गरिएको छ।*